फोन नं. ०९९४००१८९

# दोधारा चाँदनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दोधारा चाँदनी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प. सं.: २०८०।०८१ कृषि विकास शाखा
च. नं.:

मितिः २०८०।०५।२५

<u>५०% अनुदानमा गहुँ बालीको उन्नत बीउको लागि आवेदन दिने बारे</u>

सूचना। सूचना।। सूचना।।।

(प्रथम पटक प्रकाशित सूचना मितिः २०८०/०५/२५)

उपरोक्त विषय सम्बन्धमा यस दोधारा चाँदनी नगरपालिका कृषि विकास शाखाको आ. व. २०८०/८१ को संघीय सशर्त वार्षिक स्वीकृत कार्यक्रम लक्ष्य अनुसार प्रथम चौमासिक कार्यक्रम **"खाद्यान्न बालीको बीउ उपयोगमा अनुदान (गहुँ)"** अन्तर्गत **५०% अनुदानमा गहुँको उन्नत बीउ वितरण** गरिने भएकोले इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी तथा कृषि फर्महरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा तपसिल बमोजिमका कागजातहरू संलग्न राखी यस कृषि विकास शाखामा आवेदन पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघि आएका आवेदन माथि कुनै कारबाही नहुने व्यहोरा जानकारी गराइन्छ।

<u>तपसिलः</u>

१. कार्यक्रममा सहभागिताको लागि निवेदन,
२. कृषकको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि; कृषक समूहको हकमा आ. व. २०८०/८१ मा कृषक समूह दर्ता नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि र समूहको निर्णयको प्रतिलिपि; कृषि सहकारी र कृषि फर्मको हकमा आ. व. २०८०/८१ मा दर्ता नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
३. माग गरिने गहुँको बीउको जात(हरु) र परिमाण,
४. सम्बन्धित वडा कार्यालयको सिफारिस (कृषक समूह/कृषि सहकारी/कृषि फर्मको हकमा मात्र)।

गणेश दत्त मिश्र
प्रमुख प्रशासकीय अधिकृत

गणेश दत्त मिश्र
प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८०/___/___

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

दोधारा चाँदनी नगरपालिका,

कञ्चनपुर

विषयः गहुँको उन्नत बीउको माग सम्बन्धमा

महोदय,

प्रस्तुत विषयमा निवेदन यस प्रकार छ की, खाद्यान्न बालीको बीउ उपयोगमा अनुदान (गहुँ) अन्तर्गत ५०% अनुदानमा गहुँको उन्नत बीउ वितरणमा सहभागी हुन म/हामी इच्छुक भएको र आवेदनको लागि आवश्यक पर्ने कागजातहरू र बीउको मागको विवरण तपसिल बमोजिम उल्लेख गर्दै यसै निवेदनका साथ पेश गरेको हुँदा यो निवेदन स्वीकृत गरी कार्यक्रममा सहभागी गराइदिन हुन अनुरोध गर्दछु।

तपसिलः

१. वडा कार्यालयको सिफारिस,

२. जग्गाको क्षेत्रफल प्रमाणित हुने कागज,

३. सूचना बमोजिम आवश्यक प्रमाणपत्रको प्रतिलिपि,

| क्र. सं. | गहुँ बालीको जात | इकाई | आवश्यक परिमाण |
|---|---|---|---|
| | | किलोग्राम | |
| | | किलोग्राम | |
| | | किलोग्राम | |

निवेदक

दस्तखत/छापः

कृषक/संस्थाको नामः

ठेगानाः वडा नं. ___, टोलः_________

सम्प र्क नं.: